# पाठ १४

# म सडक बोल्दै छु

✍ पारिजात

**शब्दार्थ**

फन्को : एक पटकको घुमाइ, फेरो
चट्टान : कडा वा साह्रो ढुङ्गो
ब्लास्टिङ : विस्फोटक पदार्थ प्रयोग गरी कडा चट्टान फोर्ने काम
निश्चल : हलचल नगर्ने, स्थिर
चिप्लेटी : केही भिरालो जग्गामा फल्याक, धातु आदि राखेर त्यसमा चिप्लिएर मनोरञ्जन लिने खेल
कवाज : सैनिक तालिम
गिर : काठको भकुन्डो
त्रासद : दु:खमा अन्त्य हुने, दु:खान्त
भेल : बाढी
अपेक्षा : इच्छा, आशा, चाहना
झुर : नराम्रो
रद्दी : काम नदिने, बिकामे, गए गुज्रेको
लाञ्छित : लाञ्छना लगाइएको, कलङ्कित, दोषी

## अभ्यास

पेज १३७

**सुनाइ**

१. **कविताको पहिलो परिच्छेद सुन्नुहोस् र सडकले के गर्न सक्तैन भन्नुहोस् ।**

उत्तर: सडकले कसैलाई तर्साउन सक्दैन ।

२. **कविताको दोस्रो परिच्छेद सुन्नुहोस् र सडकले कुन-कुन कुरा आफूले गरेको होइन भनेको छ, टिपोट गर्नुहोस्**

उत्तर: यात्रु बाहक बस र माल बाहक ट्रक जुधाउने, ट्याङ्करले बसलाई पास नदिने, जोगीमारा, नागढुङ्गा र कुर्लिनघाटबाट ओडारेभिर, लाङ्लेभिर र बाँदरे भिरबाट बस खसाल्ने जस्ता काम आफूले गरेको होइन भनी सडकले भनेको छ ।

३. **तेस्रो परिच्छेदको श्रुति लेखन गर्नुहोस् ।**

उत्तर: तेस्रो परिच्छेद शिक्षकले भनेको सुनेर विद्यार्थीले शुद्धसँग लेख्ने ।

**बोलाइ**

४ **तलका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् :**

**फन्को, ब्लास्टिङ, निश्चल, चिप्लेटी, त्रासद, अपेक्षा, रद्दी, लाञ्छित**

उत्तर: दिइएका शब्दहरू विद्यार्थीले शुद्धसँग उच्चारण गर्ने, उच्चारण गर्न नसके शिक्षकको सहयोग लिने ।

puspas.com.np

puspas.com.np

५. **कविताको चौथो परिच्छेदमा के भनिएको छ, कविताका आधारमा उत्तर दिनुहोस् ।**

उत्तरः कविताको चौथो परिच्छेदमा सडकले गुनासो गरेको छ । आफूलाई झुर सडक, खत्तम र रद्दी सडक भन्नेहरूप्रति सडकको गुनासो छ । कुखुराको गुलाबी फुल सम्झेर सडकमाथि घुमफिर गर्नेहरूलाई सडकले आफूलाई झुर र खत्तम बनाउने काम जसलाई सोध्नुपर्ने हो उसलाई सोध भनेको छ । यसका साथै आफूलाई सरापेर मात्र भएन भन्दै आफू लाञ्छित, थकित र शब्दहीन भएर बोलि रहेको कुरा समेत सडकले गरेको छ ।

६. **तपाईंको वरपरको सडकको अवस्था कस्तो छ, भन्नुहोस् ।**

उत्तरः मेरो वरपरको सडकको अवस्था ज्यादै नाजुक छ । जताततै ढल र पानीका पाइपहरू देखिने गरी बिछ्याइएका छन् । हिउँदमा धुलोले ढपक्कै ढाक्छ भने वर्षामा हिलोले गर्दा आवतजावत गर्न पनि कठिन हुन्छ । दस वर्षअघि कालोपत्रे गरिएको भए पनि त्यसको नाम निसान छैन । जताततै खाल्डाखुल्डी परेको सडकमा सवारी साधन गुडाउन पनि मुस्किल भएको छ । जिम्मेवार निकायले ध्यान नदिँदा मेरो वरपरको सडकको अवस्था निकै दुःखलाग्दो बनेको छ ।

७. **तलका हाइकुहरू हाउभाउसहित उच्चारण गर्नुहोस् र हाइकुको संरचना (हरफ र अक्षर) बारेमा कक्षामा छलफल गर्नुहोस् ।**

| | | | |
|---|---|---|---|
| **जेठको आँधी<br>मनको आँधीसित<br>मित लाउँछ !<br>- मधुसूदन गिरी** | **रक्तिम आभा<br>सहिदको मुस्कान<br>मुक्त आकाश !<br>- चेतनाथ धमला** | **फुलेका छन् नै<br>सस्र्युँका फुलहरू<br>बाँझो खेतमा !<br>- धर्मेन्द्र झा 'विह्वल'** | **मेरो घरमा<br>ढोकाबाट बिस्तारै<br>छिर्दै छ घाम !<br>- मिश्र वैजयन्ती** |

उत्तरः दिइएका चारओटा हाइकुहरू विद्यार्थीले हाउभाउ सहित वाचन गर्ने र हाइकुको संरचनाबारे छलफल गर्ने । हाइकु तीन पङ्क्तिको हुन्छ । पहिलो पङ्क्तिको संरचना पाँच अक्षर, दोस्रोको सात अक्षर र तेस्रोमा पाँच अक्षर हुन्छन् । यही संरचनामा सबै हाइकुको रचना गरिएको छ र यसैअनुसार हाइकु रचिन्छ ।

## पढाइ

८. **पाठको कविता गति, यति र लय मिलाई पालैपालो पढ्नुहोस् र पढाइमा लाग्ने समय टिपोट गर्नुहोस् ।**

उत्तरः पाठको कविता गति, यति र लय मिलाएर विद्यार्थीले पालैपालो पढ्ने र पढाइमा लाग्ने समयबारे टिपोट पनि गर्ने ।

९. **तलको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

*सानैमा बुबाआमा मरेकाले तयामा, खियामा र खोक्चिलिपाको जीवन सारै कष्टकर थियो । उनीहरूले भनेका बेला खानसमेत पाउँदैन थिए । त्यस्तैमा भोकले गर्दा खोक्चिलिपा बेहोस भए । बेहोस भाइलाई मरेको ठानेर तयामा र खियामा उनलाई त्यत्तिकै छाडी हिँडे । उनीहरू विभिन्न ठाउँ घुम्दै अन्ततः हलेसी महादेव स्थानभन्दा अलिकमाथि तुवाचुङमा तान बुनेर बस्न थाले । यता खोक्चिलिपाले होस फिरेपछि दिदीहरूलाई खोजे र नभेटेपछि रोई कराई गरे । अब उनीसामु एक्लै बाँच्नुको विकल्प थिएन । माछा मार्दै, सिकार खेल्दै उनले आफ्नो जीवन चलाउन थाले । समय क्रममा उनको भेट सिक्रिमा (नागेलुङ) सँग भयो । खोक्चिलिपा र सिक्रिमा बिहे गरेर घरजम गर्ने निधोमा पुगे । उनीहरूको बिहेका अवसरमा अचानक तयामा र खियामा पनि आइपुगे । त्यस संयोगले खुसीमा उनीहरू नाच्न थाले । उनीहरूले विभिन्न प्राणी र*

puspas.com.np

*मानव जीवनका क्रियाकलापको अभिनय गरेर नाचे । त्यही बेलादेखि किराती समुदायमा साकेला नाचको सुरुआत भयो । अहिले पनि किरात राई समुदायमा उँधौली र उँभौलीका अवसरमा साकेला नाचिन्छ अनि त्यस नाचको शैलीलाई 'सिली' भनिन्छ । तिनै दिदीहरू, भाइ र बुहारीलाई किराती सभ्यताका अगुवा मानिन्छ । उनीहरूले नयाँ अन्न पितृलाई चढाएर मात्र खाने परम्पराको सुरुआत गरे । साथै उनीहरूले पितृपूजामा 'मुन्धुम' वाचन गर्ने परम्परा पनि चलाए । अहिले पनि किराती समुदायमा पितृपूजा, प्रकृति पूजा अनि जन्म, विवाह, मृत्यु आदि संस्कारहरू 'मुन्धुम' कै आधारमा सम्पन्न गरिन्छन् । हिन्दुहरूको वेद, बौद्धहरूको त्रिपिटक, मुस्लिमहरूको कुरान, इसाईहरूको बाइबल जस्तै किरात समुदायको 'मुन्धुम' पवित्र शास्त्र हो । यो किराती समुदायमा श्रुति परम्परामा रहेको थियो ।*

**प्रश्नहरू**

**(क) दिदीहरू र भाइको नाम के-के थियो ?**

उत्तर: दिदीहरूको नाम तयामा, खियामा र भाइको नाम खोक्चिलिपा थियो ।

**(ख) उनीहरूको जीवन किन कष्टकर थियो ?**

उत्तर: सानैमा बाबुआमा मरेकाले र भनेका बेला खान नपाउने भएकाले उनीहरूको जीवन कष्टकर थियो ।

**(ग) तयामा र खियामा कहाँ गए र के गर्न थाले ?**

उत्तर: तयामा र खियामा हलेसी महादेव स्थानभन्दा अलिकमाथि तुवाचुङमा गएर तान बुन्न थाले ।

**(घ) साकेला सिलीको सुरुआत कसरी भयो ?**

उत्तर: बिहेको उत्सव र दिदीभाइको पुनर्मिलनको खुसियाली मनाउने क्रममा साकेला सिलीको सुरुवात भयो ।

**(ङ) किराती सभ्यताका अगुवा कसलाई मानिन्छ ?**

उत्तर: किराती सभ्यताका अगुवा तयामा, खियामा, खोक्चिलिपा र सिक्रिमा अर्थात् दिदीहरू, भाइ र बुहारीलाई मानिन्छ ।

**(च) मुन्धुम कसको कस्तो शास्त्र हो ?**

उत्तर: 'मुन्धुम' किरात समुदायको पवित्र शास्त्र हो ।

**(छ) श्रुति परम्परा भनेको कस्तो परम्परा हो ?**

उत्तर: श्रुति परम्परा भनेको धेरै पहिलेदेखि सुनिँदै आएको वा सर्वसाधारणका बिच सुन्दै भन्दै प्रचलनमा आएको परम्परा हो ।

## लेखाइ

१०. **अर्थ खुल्ने गरी वाक्य बनाउनुहोस् :**

**कवाज, भेल, फुल, शब्दहीन, अपेक्षा, पहिरो, साधन, छेकथुन, ताँती**

उत्तर: कवाज - सैनिकहरू टुँडिखेलमा कवाज खेल्दै छन् ।
भेल - अविरल वर्षाले सेती खोलामा भेल आयो ।
फुल - मलाई कुखुराको फुल खान मन लाग्दैन ।
शब्दहीन - साथीको आलोचना सुनेर म शब्दहीन भएँ ।
अपेक्षा - मसँग तिमीले सहयोगको कुनै अपेक्षा नगर ।
पहिरो - पहाड जाँदा मैले ठुलो पहिरो देखेँ ।
साधन - सवारी साधन नचल्दा जनताले दुःख पाए ।
छेकथुन - मलाई व्यवसाय गर्नमा कुनै छेकथुन छैन ।
ताँती - कमिलाको ताँती देखेर सानो भाइ छक्कै पऱ्यो ।

pdspage.com.np

११. **शब्दकोशको सहायताले तलका शब्दहरूबाट पर्यायवाची शब्द लेख्नुहोस्:**
**स्मृति, सौन्दर्य, उमेद, सम्झना, वजन, हेक्का, भरोसा, सुन्दरता, आशा, इच्छा, कारोबार, व्यापार, बोझ, लेनदेन, भार, कदापि, भारी**

**उत्तर:** स्मृति - सम्झना, स्मरण, हेक्का
सौन्दर्य - शोभा, कान्ति, चहक, चमक
उमेद - आशा, अपेक्षा, लक्ष्य
सम्झना - स्मृति, स्मरण, सम्झाइ, याद
वजन - तौल, परिमाण
हेक्का - सम्झना, याद, स्मृति
भरोसा - भर, विश्वास, आड
सुन्दरता - राम्रोपन, आकर्षकता, रमणीयता, सौन्दर्य
आशा - इच्छा, अभिलाषा, धोको
इच्छा - चाहना, अपेक्षा, कामना
कारोबार - सरसापट, कारबार
व्यापार - किनबेच, खरिद बिक्री, वाणिज्य
बोझ - भार, भारी
लेनदेन - कारोबार, सापटी
भार - बोझ, भारी, लोड
कदापि - किमार्थ, कुनै हालमा
भारी - भार, बोझ

१२. **साथीलाई भन्न लगाई पाठको चौथो अनुच्छेदको श्रुति लेखन गर्नुहोस् र लेखिसकेपछि मूल पाठसँग रुजु गरी गल्ती सच्याउनुहोस् ।**

**उत्तर:** साथीलाई भन्न लगाई चौथो अनुच्छेदको श्रुति लेखन गर्ने र लेखिसकेपछि पाठसँग रुजु गरी गल्ती सच्याउने ।

१३. **तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) **'म सडक बोल्दै छु' कविताको प्रारम्भमा मानिसको चरित्रलाई कुन रूपमा प्रस्तुत गरिएको छ ?**

**उत्तर:** यस कविताको प्रारम्भमा मानिसको चरित्रलाई जिम्मेवारी बोध नगर्ने, उत्तरदायी नहुने र बेकम्माका रूपमा प्रस्तुत गरिएको छ । मान्छेहरू सडकमाथि बेपर्बाह गाडी कुदाउँछन्, त्यस्तै गरी हिँड्छन् पनि । उनीहरू सडकमै चिप्लेटी र कवाज अनि गिर खेल्छन् । रातोदिन ताँती बाँधेर बेपर्बाही हिँड्छन् तर सडकलाई माया गर्ने, बनाउने वा मर्मत संहार गर्ने काम गर्दैनन् । यसरी कविताको प्रारम्भमा मानिसको चरित्रलाई गैर जिम्मेवार पात्रका रूपमा प्रस्तुत गरिएको छ ।

(ख) **नेपालमा सडकले भोग्नुपरेका समस्या के-के हुन् ?**

**उत्तर:** नेपालका सडकहरूले थुप्रै समस्याहरू भोग्नुपरेको छ । नेपालका सडकमाथि मानिसहरू बेपर्बाह गुड्ने, कुद्ने र हिँड्ने काम गर्छन् । यति मात्र होइन, चिप्लेटी, कवाज र गिर खेल्ने काम पनि गर्छन् । रातोदिन सवारी साधनको भार पनि सडकहरूले भोग्नु परिरहेको छ । साँघुरो बाटो भएकाले यात्रु बाहक बस र मालवाहक ट्रक आपसमा जुध्ने गर्छन् । बाटामा जोगीमारा, नागढुङ्गा, कुर्लिनघाट, ओडारेभिर, लाङ्रे भिर, बाँदरे भिर जस्ता जोखिमपूर्ण भिर र पहरा छिचोल्दै सवारी साधनहरूलाई पार लगाउनुपर्ने समस्या पनि त्यत्तिकै ज्वलन्त रूपमा देखापर्छ । सडकलाई कहिले बाढीले डुबाउने गर्छ भने कहिले पहिरोले माथिबाट बगेर आई पुर्ने काम पनि गर्छ । पानी र

puspaa.com.np

माटोले पुरिएर सडकको अवस्था बेहाल हुन्छ । सडकको कुनै दोष नभए पनि मानिसहरू उसलाई झुर, रद्दी भनी गाली गलौज समेत गर्छन् । यस्ता कैयौं समस्याहरू नेपालका सडकहरूले भोग्नुपरिरहेको यथार्थलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

(ग) **नेपालमा किन दिन प्रतिदिन सडक दुर्घटना बढ्दै छ ?**

उत्तर: नेपालका बाटा एकातिर साँगुरा छन् भने अर्कातिर मर्मत सम्हार नभएर भत्किएका र बिग्रिएका छन् । साँगुरा अनि बिग्रिएका बाटामा सवारी साधनहरू बेपर्बाह कुदाइन्छन् । साँगुरा बाटामा यात्रु बाहक र माल बाहक ट्रकहरू एक आसपमा जुध्छन् र ठुल्ठुला दुर्घटना पनि हुने गर्छन् । जोगीमारा, ओडारे भिर, लाङ्रे भिर र बाँदरे भिर कोपेर बनाइएका साँगुरा अनि सडकबाट सवारी साधनहरू खस्ने गर्छन् । नेपालका सडकलाई कहिले बाढीले डुबाउने गर्छ भने कहिले पहिरोले पुरिदिने काम गर्छ । यस्ता कैयौं समस्याका कारण नेपालमा दिन प्रतिदिन दुर्घटना बढ्दै छ ।

(घ) **पाठमा सडकले कुन-कुन कुरामा म जिम्मेवार छैन भनेको छ ?**

उत्तर: पाठमा सडकले आफू धेरै कुरामा जिम्मेवार छैन भनेको छ । सवारी साधनलाई छेकथुन गर्ने, यात्रु बाहक, माल बाहक ट्रक जुधाउने, ट्याङ्करले बसलाई पास नदिने, जोगीमारा, नागढुङ्गा, कर्लिनघात, ओडरारे भिर, लाङ्रे भिर, बाँदरेभिरबाट सवारी साधन खसाल्ने, त्रासद मृत्यु निम्त्याउने जस्ता कुरामा सडकले आफू जिम्मेवार छैन भनेको छ ।

(ङ) **सुरक्षित यात्राका लागि मानिसले के कस्ता कुरामा ध्यान पुऱ्याउनुपर्छ ?**

उत्तर: सुरक्षित यात्राका लागि मानिसले धेरै कुरामा ध्यान पुऱ्याउनु पर्छ । सर्वप्रथम सडकलाई आफ्नै सम्पत्ति ठानी माया गर्नुपर्छ । यसलाई जथाभावी प्रयोग गर्नुहुन्न । यसको मर्मत सम्भारमा सधैं ध्यान दिनुपर्छ । यात्रा गर्दा आफू कहिल्यै हतार गर्नु हुन्न । सवारी साधन चलाउँदा सडक र भूगोलको अवस्था हेरी चलाउनुपर्छ । सवारी चालकले गाडी चलाउँदा प्रतिस्पर्धाको भावना लिनु हुन्न । त्यस्तै सडक यात्रु, अरू सवारी चलाकको अवस्था र सडकको अवस्थालाई समेत बुझी सवारी साधन चलाउनुपर्छ । सुरक्षित यात्राका लागि यिनै कुराहरूमा ध्यान दिन आवश्यक छ ।

१४. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) **सर्प जस्तै सलल बगेर कसैलाई**
**तर्साउन सक्ने म होइन ।**

उत्तर: माथि दिइएका सारगर्भित तथा भावपूर्ण पङ्क्तिहरू कवि पारिजात (१९९४-२०५०) द्वारा लिखित **म सडक बोल्दै छु** शीर्षकको कविताबाट उद्धरण गरिएका हुन् । वास्तविक नाम विष्णुकुमारी वाइवा भए पनि नेपाली साहित्यमा पारिजातका नामबाट चर्चित हुन पुगेकी यी स्रष्टाले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएर आफ्नो विशिष्ट प्रतिभाको परिचय दिएकी छन् । कथा, कविता, उपन्यास जस्ता विधाहरूमा सशक्त रूपमा कलम चलाउने पारिजातले गद्य कविताका माध्यमबाट सामाजिक विसङ्गतिको सफल रूपमा चित्रण गरेकी छन् । सडकले आफ्नो वास्तविक परिचय दिने क्रममा माथिका पङ्क्तिहरू कविले प्रस्तुत गरेको पाइन्छ ।

सडक लम्पसार परेर सुतेको हुन्छ । यसले सबैको सेवा गरिरहेको हुन्छ । मानिसको जस्तो अरूलाई दुःख दिने, झुक्याउने चरित्र यसको हुँदैन । सर्प जस्तै सलल बगेको भए पनि यसले सर्पको जस्तो रूप देखाउँदैन । सर्पले मानिसलाई ठुङ्छ, आक्रमण गर्छ, ठुङ्न भेटे सिध्याउने काम पनि गर्छ ।

paspas.com.np

अथवा सर्पले सलल बगेर अरूलाई तर्साइरहेको हुन्छ । सडकले आफू सर्पको जस्तै दुच्छर चरित्र नभएको बताएको छ ।

सडकले आफ्नो वास्तविक चरित्र बताउने सन्दर्भमा आएका यी पङ्क्तिमा सडकले मानिसभन्दा आफू फरक रहेको बताएको छ । मानिस अरूलाई दुःख दिनमा रमाउँछ भने सडकले अरूलाई दुःख दिने भन्दा परोपकार गर्ने काम गर्छ । आफू सर्प जस्तैः सलल बगेर कसैलाई दुःख नदिएको आलङ्कारिक अभिव्यक्ति र गद्य लयात्मक एवम् आकर्षक भाषाशैलीका माध्यमबाट सडकको महत्त्व र महिमालाई यहाँ प्रस्ट पारिएको छ ।

**(ख) बेकाल मर्ने यतिका त्रासद मृत्युहरूको म जिम्मेवार छैन, मलाई गाली नगर ।**

**उत्तरः** कवि पारिजात (वि.सं. १९९४-२०५०) द्वारा लिखित 'म सडक बोल्दै छु' शीर्षकको कविताबाट साभार गरिएको हो । परिजात नेपाली साहित्यकी एक चर्चित नारी प्रतिभा हुन् । यिनले कथा, कविता र उपन्यास जस्ता विधामा विशिष्ट योगदान पुऱ्याएकी छन् । आफ्ना कृतिहरूमा युगीन विसङ्गति र विकृतिको यथार्थ चित्रणका साथै विद्रोही भावना समेत मुखरित गर्ने पारिजातले माथिको कवितांशमा सडकले अनेक दुर्घटना हुनुमा आफू जिम्मेवार नभएको कुरा उल्लेख गर्ने क्रममा प्रस्तुत गरेकी हुन् ।

नेपालका सडकहरू अत्यन्त जोखिमयुक्त छन् । चट्टानहरू खोपेर बनाइएका साँगुरा सडकहरूको यात्रा गर्दा अनेक दुर्घटना हुने गर्छन् । बाटाहरू एकातिर साँगुरा छन् भने अर्कातिर मर्मत सम्हारका अभावमा क्षतिग्रस्त बनेका छन् । यसले गर्दा यात्रुहरूले यात्रामा धेरै जोखिम व्यहोर्नुपर्छ । यात्रा गर्दा यात्रुहरूले अकालमा मर्नु पर्ने अवस्थामा सिर्जना भएका छन् । यात्रामा अकल्पनीय दुर्घटनाहरू हुने गर्छन् । त्यस बेला मानिसहरू बाटाको स्थिति वा बाटो बनाउनेलाई भन्दा बाटालाई गाली गलौज गर्छन् । दुर्घटना हुनुमा बाटाको केही दोष छैन भन्ने कुरा उनीहरू बुझ्दैनन् । त्यसैले त्रासद दुर्घटनाको दोष आफू नभएको यथार्थ कुरालाई सडकले यहाँ बताएको छ ।

जोखिमयुक्त सडकका कारण यात्रुहरूले त्रासद अवस्था बेहोर्नु परेको वास्तविकतालाई प्रस्तुत गर्ने क्रममा कविले सडक निर्दोष रहेको बताएका छन् । सडकमा दुर्घटना हुनुमा सडक होइन, सडक निर्माण गर्ने पक्ष नै प्रमुख हो । उसले सडकलाई फराकिलो, सहज बनाइदिने हो भने धेरै दुर्घटना बेहोर्नु पर्दैन । सडकभन्दा हाम्रो भूगोल अनि हाम्रो कार्यशैली नै दुर्घटनाको कारक बनेको यथार्थतालाई कविले गद्य लय तथा आकर्षक भाषाशैलीका माध्यमबाट यहाँ प्रस्तुत गरेको पाइन्छ ।

**१५. निर्दोष सडकलाई झुर, खत्तम र रद्दी भन्ने मानवलाई तपाईं के सल्लाह दिन चाहनुहुन्छ ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।**

**उत्तरः** निर्दोष सडकलाई झुर, खत्तम र रद्दी भन्ने मानवलाई म सडकप्रति यस्तो पूर्वाग्रह नराख्न सल्लाह दिन्छु । सडक आफैं झुर, खत्तम र रद्दी हुने होइन, जथाभावी प्रयोग गर्दा र यसको निर्माणमा ख्याल नगर्दा सडकको अवस्था कमजोर हुने गर्छ । तसर्थ, सडकलाई गाली गर्नुको सट्टा यसको निर्माण अनि सुरक्षा गर्न र जथाभावी प्रयोग नगर्न म मानवलाई सल्लाह दिन्छु । यसका साथै मानवलाई आफू सचेत प्राणी भएर पनि निर्जीव सडकलाई गाली गर्नुको कुनै तुक छैन । सडक त मानिसले बनाउने हो र मानिसले जथाभावी प्रयोग गर्दा बिग्रिने हो, त्यसकारण निर्दोष र निर्जीव सडकलाई गाली नगर्न पनि मानवलाई सल्लाह दिन्छु ।

puspac.com.np

**१६. पाठमा दिइएको कविताको मूल आशय के हो, विवेचना गर्नुहोस् ।**

उत्तर: सुप्रसिद्ध कथाकार, उपन्यासकार तथा कवि पारिजातद्वारा लिखित **म सडक बोल्दै छु** एक चर्चित गद्य कविता हो । यस कवितामा कविले नेपालको सडकको अवस्था र नेपालीहरूको मानसिकतालाई सटीक रूपमा चित्रण गरेको पाइन्छ । सडक स्वयम् निर्जीव वस्तु हो तर कविले सडकलाई सजीवता प्रदान गरेर उसले भोग्नुपरिरहेका भौतिक तथा मानसिक अवस्थालाई सूक्ष्म रूपमा चित्रण गर्ने काम यहाँ गरिएको छ ।

सडक आफैँमा शान्त हुन्छ । कसैलाई दुःख दिने वा तर्साउने काम यसले गर्दैन । यो पहाड र चट्टानहरू ब्लास्टिङ गरी निर्माण गरिएको हुन्छ र यो निश्चल रूपमा रहेको हुन्छ । यसका छातीमा मानिसहरू गुड्ने, कुद्ने, हिँड्ने र गुड्ने मात्र होइन, चिप्लेटी, कवाज र गिर खेल्ने काम गर्छन् । मानिसहरू र सवारी साधनहरू ताँती लागेर सडकमाथि जथाभावी हिँड्ने, गुड्ने गर्छन् । त्यस्तो बेला सडकलाई जतिसुकै सकस परे पनि ऊ कुनै प्रतिक्रिया जनाउँदैन । यात्रु बाहक बस र माल बाहक ट्रकहरू जथाभावी सडकमाथि कुदाउनाले दुर्घटना हुन्छन्, ट्र्याक्टरले बसलाई बाटो नछोड्दा उत्पन्न हुने समस्या पनि सडकले बेहोर्नुपर्छ । जोगीमारा, नागढुङ्गा, कुर्लिनघाट जस्ता अनेक प्रकृतिका बाटाहरूका साथै यस अन्तर्गत, पर्ने ओडारे भिर लाङ्रे भिर र बाँदरे भिर आदि पर्दछन् । यस्ता कैयौँ अक्करे भिरबाट सवारी साधनहरू खस्छन् र अकालमा मानिसले त्रासद मृत्यु बेहोर्नुपर्छ ।

सडकलाई जीवनमा अनेक समस्याहरू आइ लाग्छन् । कहिले सडक पानीले डुब्छ भने कहिले त्यसलाई पहिरोले पुरिदिने काम गर्छ । जति नै कष्ट बेहोर्नुपरे पनि सडकले मानिसको सेवा गरिरहेको हुन्छ । सडकलाई जोखिमपूर्ण बनाउने अनि दुर्घटना निम्त्याउने मानिस त्यही सडकलाई झुर, खत्तम र रद्दी भन्दै गाली गर्छ । आफूलाई कुखुराको गुलाबी फुल सम्झेर सुरक्षित घुमफिर गर्न खोज्ने मानिसलाई सडकले जसलाई सोध्नुपर्ने हो त्यसैलाई सोध्न भनी आग्रह गरेको छ ।

यसरी सडकको वास्तविक अवस्था, मानिसको सोचाइ र व्यवहार तथा जथाभावी सडकको प्रयोगले मान्छेले बेहोर्नु परेको त्रासद मृत्यु आदिलाई देखाउनु नै प्रस्तुत कविताको आशय रहेको पाइन्छ । सडकलाई गाली गर्नुका साटो त्यसको निर्माण र निर्माणपछि प्रयोग गर्दा अपनाउनुपर्ने सुरक्षा र मर्मत सम्भार जस्ता कुरामा समेत ध्यान दिन सचेत गर्नु नै यस कविताको मूल आशय हो ।

**१७. तलको उदाहरण (क) र (ख) का शब्दहरूको लेखाइमा पाइने भिन्नताको कारण के हो ? शिक्षकसँग छलफल गरी थाहा पाउनुहोस् र लेखनको अभ्यास पनि गर्नुहोस् ।**

(क) **दीर्घ, ईर्ष्या, वीर्य, जीर्ण, शीर्ष, शीर्षक, तीर्थ, कीर्ति, उत्तीर्ण, मूर्ति, ऊर्जा, सूर्य, पूर्व, पूर्ण, स्फूर्ति**

(ख) **पिर्का, पिर्लिक्क, पिर्न, गिर्न, तिर्न, छिर्न, फिर्ता, पुर्खा, सुर्ता, कुर्ता, पुर्बेली, पुर्जा, पुर्पक्ष, स्फुर्ती**

उत्तर: 'क' अन्तर्गत प्रयोग भएका शब्दहरू तत्सम हुन् भने 'ख' अन्तर्गतका शब्द तद्भव र ठेट नेपाली शब्द हुन् । रेफभन्दा अगाडि आउने तत्सम शब्द दीर्घ लेखिन्छन् भने तद्भव र ठेट नेपाली शब्दमा ह्रस्व मात्र लेखिन्छन् । यसै कुराका बारे छलफल गरी 'क' र 'ख' शब्दहरूका लेखाइमा पाइने भिन्नताका बारेमा बुझ्ने ।

**१८. तल शब्दको सुरुमै दीर्घ लेखिने केही तत्सम शब्दहरू दिइएका छन्, तिनलाई शुद्धसँग पुनः सार्नुहोस् :**

**धीर, वीर, नीति, स्वीकार, ईश्वर, स्वीकृति, पूजा, मूल, भूमि, भूत, शून्य, सूक्ष्म, सूत्र, सूचना, जीवन, जीव, गीत, प्रीत, रीत, रूप, दीप, शीत, ग्रीष्म, तीव्र**

उत्तर: दिइएको शब्दहरूलाई विद्यार्थीले शुद्धसँग कापीमा सार्ने ।

१९. तलको तालिकामा दिइएका शब्दहरूको लेखनमा रहेको भिन्नता पहिचान गरी त्यहीअनुसार लेखनको अभ्यास गर्नुहोस् :

| शब्दान्तमा ह्रस्व | शब्दान्तमा दीर्घ |
|---|---|
| दाजु, भाइ, पोइ, नाति, भिनाजु, फुपाजु, बुबा, गुरु, गोरु, जेठाजु | दिदी, बहिनी, माइजू, काकी, भाउजू, फुपू, भैंसी, गाई, सासू, जेठानी, जोई |

उत्तर: दिइएको शब्दहरूको लेखनमा रहेका भिन्नता पहिचान गर्ने र लेखन अभ्यास गर्ने ।

## व्याकरण

१. उदाहरणमा देखाए जस्तै दिइएका वाक्यहरू संश्लेषण गर्नुहोस् :

उदाहरण :

| विश्लेषित वाक्यहरू | संश्लेषित वाक्य | | |
|---|---|---|---|
| | सरल वाक्य | मिश्र वाक्य | संयुक्त वाक्य |
| उसले मह काढ्छ । उसले हात चाट्छ । | मह काढ्नेले हात चाट्छ, | जसले मह काढ्छ, उसले हात चाट्छ । | उसले मह काढ्छ र हात चाट्छ । |

(क) पानी पऱ्यो । बाली सप्रियो ।

उत्तर: पानी परेर बाली सप्रियो । (सरल वाक्य)
जब पानी पऱ्यो तब बाली सप्रियो । (मिश्र वाक्य)
पानी पऱ्यो अनि बाली सप्रियो । (संयुक्त वाक्य)

(ख) म राम्ररी पढ्छु । म सफल बन्छु ।

उत्तर: म राम्ररी पढेर सफल हुन्छु । (सरल वाक्य)
जब म राम्ररी पढ्छु तब सफल हुन्छु । (मिश्र वाक्य)
म राम्मरी पढ्छु अनि सफल हुन्छु । (संयुक्त वाक्य)

(ग) तराई अन्नको भण्डार हो । तराईमा अन्न फल्छ ।

उत्तर: तराई अन्नको भण्डार भएकाले त्यहाँ धेरै अन्न हुन्छ । (सरल वाक्य)
जुन तराई अन्नको भण्डार मानिन्छ त्यहाँ धेरै अन्न फल्छ । (मिश्र वाक्य)
तराई अन्नको भण्डार हो र त्यहाँ धेरै अन्न फल्छ । (संयुक्त वाक्य)

(घ) तिमी आयौ । म गएँ ।

उत्तर: तिमी आएपछि म गएँ । (सरल वाक्य)
जब तिमी आयौ तब म गएँ । (मिश्र वाक्य)
तिमी आयौ अनि म गएँ । (संयुक्त वाक्य)

२. उदाहरणमा देखाए जस्तै गरी दिइएका वाक्यहरूको विश्लेषण गर्नुहोस् :

उदारहरण :

| संश्लेषित वाक्य | विश्लेषित वाक्यहरू |
|---|---|
| १. तिमी पढेर ठुलो मान्छे बन । | तिमी पढ । तिमी ठुलो मान्छे बन । |
| २. हिमाल, पहाड र तराई जहाँ बसे पनि हामी नेपाली भएर बस्छौं । | हामी हिमालमा बस्छौं । हामी पहाडमा बस्छौं । हामी तराईमा बस्छौं । हामी नेपाली भएर बस्छौं । |

(क) आङदावा स्कुल गएर घर आए ।

उत्तर: आङदावा स्कुल गए । आङदावा घर आए ।

(ख) परिवारकी सबैभन्दा कान्छी छोरी डोल्मा सबैकी प्यारी छिन् ।

उत्तर: डोल्मा परिवारकी सबैभन्दा कान्छी छोरी हुन् । डोल्मा सबैकी प्यारी छन् ।

pustakalaya.com.np

puspas.com.np

(ग) **नेपालगन्ज निवासी सलिमले एक दर्जनभन्दा बढी कृति लेखेका छन् ।**

**उत्तर:** सलिम नेपालगन्ज निवासी हुन् । सलिमले एक दर्जनभन्दा बढी कृति लेखेका छन् ।

(घ) **बिहान सबेरै उठ्ने, हातमुख धुने, कसरत गर्ने र आफ्नो काममा लागि हाल्ने हाम्रो बानीलाई सबैले प्रशंसा गर्छन् ।**

**उत्तर:** हामी बिहान सबेरै उठ्नुपर्छ । हामीले हातमुख धुनुपर्छ । हामीले कसरत गर्नुपर्छ । हामी आफ्नो काममा लागि हाल्ने गर्नुपर्छ । हाम्रो राम्रो बानीलाई सबैले प्रशंसा गर्छन् ।

३. **तलको अनुच्छेदलाई आठभन्दा बढी सरल वाक्यमा पुनर्लेखन गर्नुहोस् :**

*एक छिनपछि घाँसको भारी लिएर गौंथली आइपुगी । पनेलाको चोलो र छिटको फरिया लगाएकी, फरियाको गुत्थ्यो खुम्च्याएर पटुका बाँधेकी, हातमा बाला, घाँटीमा प्वाँलो लगाएकी, निधारमा सिन्दुरको ठुलो टीका लगाएकी, कपालमा गुराँसको फुल सिउरेकी, अलि अलि साँवलो वर्णकी गौंथली निकै राम्री देखिन्थी । गौंथलीको मनोहर रूप देखेर चामे तृप्त भयो । (गुरुप्रसाद मैनाली : परालको आगोबाट) ।*

**उत्तर:** एकछिनपछि घाँसको भारी लिएर गौंथली आइपुगी । गौंथलीले पनेलाको चोलो लगाएकी थिई । गौंथलीले छिटको फरिया लगाएकी थिई । गौंथलीले फरियाको गुत्थ्यो खुम्च्याएर पटुका बाँधेकी थिई । गौंथलीले हातमा बाला लगाएकी थिई । गौंथलीले घाँटीमा प्वाँलो लगाएकी थिई । गौंथलीले निधारमा सिन्दुरको ठुलो टीका लगाएकी थिई । गौंथलीले कपालमा गुराँसको फुल सिउरेकी थिई । गौंथली अलि अलि साँवलो वर्णकी थिई । गौंथली राम्री देखिन्थी । चामेले गौंथलीको मनोहर रूप देख्यो । चामे तृप्त भयो ।

४. **तलको अनुच्छेदलाई बढीमा चार वाक्यमा संश्लेषण गर्नुहोस् :**

*नेपाल आकर्षक छ । नेपाल रमणीय छ । प्रकृति प्रेमीहरूका लागि नेपाल स्वर्ग हो । प्रकृति प्रेमीहरू नेपाल आउँछन् । नेपालमा सगरमाथा छ । सगरमाथा संसारकै सर्वोच्च शिखर हो । नेपालमा अरू थुप्रै सुन्दर र अग्ला हिमालहरू छन् । हिमाल आरोहीहरू नेपाल आउँछन । नेपाल पहाडै पहाडले भरिएको छ । पहाडमा पदयात्रा रमाइलो हुन्छ । पदयात्रा रुचाउनेहरू नेपाल आउँछ । कलाका दृष्टिले पनि नेपाल धनी छ । यहाँका मठ, मन्दिर, दरबारहरूमा चित्रहरू कुँदिएका छन् । ती अत्यन्त सुन्दर छन् । पुराना मूर्तिहरू आकर्षक छन् । ती कलात्मक छन् । कलाप्रेमीहरू नेपाल आउँछन् । नेपाल बहु सांस्कृतिक देश हो । संस्कृतिका अध्येताहरू नेपाल आउँछन् । नेपाल बहुभाषिक देश हो । भाषाका अध्येताहरू नेपाल आउँछन् । नेपाल बुद्धको जन्मभूमि हो । बुद्धप्रेमीहरू नेपाल आउँछन् । यसैले नेपालमा पर्यटन व्यवसायको राम्रमो सम्भावना छ ।*

**उत्तर:** (क) प्रकृति प्रेमीहरूका लागि स्वर्ग मानिएको आकर्षक र रमणीय अनि सर्वोच्च शिखर सगरमाथाका साथै अरू थुप्रै सुन्दर एवम् अग्ला हिमालहरू हेर्न प्रकृति प्रेमीहरू यहाँ आउँछन् ।

(ख) पहाडमा पदयात्रा रमाइलो हुने भएकाले पदयात्रा रुचाउनेहरू पहाडै पहाडले भरिएको नेपालमा हिमाल आरोहीहरू आउँछन् ।

(ग) कलाका दृष्टिले धनी, मठ, मन्दिर, दरबारहरूमा अत्यन्त सुन्दर, आकर्षक र कलात्मक मूर्तिहरू कुँदिएकाले कलाप्रेमीहरू नेपाल आउँछन् ।

(घ) बहुसांस्कृतिक, बहुभाषिक मुलुक भएकाले संस्कृति र भाषाका अध्येताहरू अनि बुद्धप्रेमीहरू बुद्धको जन्मभूमि नेपाल भएकाले पनि यहाँ पर्यटन व्यवसायको राम्रो सम्भावना छ ।

५. **पाठबाट ह्रस्व इकार र ह्रस्व उकार लागेका शब्दहरू खोजेर लेख्नुहोस् :**

उत्तर: ह्रस्व इकार लागेका शब्दहरू - होइन, किनकि, ब्लास्टिङ, निर्माण, गरिएको, निश्चल, माथि, हिँड, चिप्लेटी, गिर, तिमी, पनि, रातोदिन, भिर, पति, जिम्मेवार, पहिरो, पुरिहन, फेरि, कहिल्यै, किन, लाञ्छित, थकित,

ह्रस्व उकार लागेका शब्दहरू - तर्साउन, गुड, कुद, छेकथुन, यात्रु, जुधाउने, नागढुङ्गा, कर्लिनघाट, मृत्यु, डुब्न, हुँ, पुरिइन, ढुङ्गा, चालु, हुन, सक्छु, झुर, कुखुरा, गुलाफी, फुल, सुरक्षित ।

## सिर्जनात्मक अभ्यास — पेज १४१

**"सामाजिक जीवनशैलीसँग राजनीति जोडिएको छ" भन्ने विषयमा १५० शब्दमा आफ्नो धारणा लेख्नुहोस् ।**

उत्तर: समाजमा हुने, समाजमा पाइने, समाजसँग सम्बन्धित वा समाजमा आधारित कुनै पनि कुरालाई 'सामाजिक' र जीवन बाँच्ने तरिका वा ढङ्गलाई 'जीवनशैली' भनिन्छ । अर्थात् समाजसँग सम्बन्धित वा समाजमा आधारित जीवन बाँच्ने तरिकालाई सामाजिक जीवनशैली भनिन्छ । राजनीति भने राज्यको शासन व्यवस्था तथा प्रशासन चलाउने नीति वा त्यस्तो गतिविधि हो । राजनीति र सामाजिक जीवनशैली एक अर्काका पूरक हुन्छन् । सामाजिक जीवनशैली राजनीतिक व्यवस्थाअनुसार निर्देशित हुने गर्छ । राज्यमा लोकतान्त्रिक व्यवस्था छ भने समाज पनि त्यसै अनुसार निर्देशित हुन्छ र समाजमा बस्ने मानिसहरूले सोहीअनुसार जीवनशैली अपनाएका हुन्छन् ।

लोकतान्त्रिक शासन व्यवस्था भएको समाजमा आफ्नो निर्णय गर्ने अधिकार आफैँलाई हुन्छ । राज्यले निर्धारण गरेका नीति नियमका अधीनमा रहेर स्वतन्त्रतापूर्वक सामाजिक काम गर्न मानिसलाई छुट हुन्छ । यसका विपरीत निरङ्कुश शासन व्यवस्था भएको मुलुकमा समाजमा बस्ने मानिसहरूले स्वतन्त्रतापूर्वक सामाजिक जीवन बाँच्न अधिकार प्राप्त गरेका हुँदैनन् ।

समाजका हरेक गतिविधिमा राजनीति जोडिएकै हुन्छ । सामाजिक गतिविधिहरू राजनीतिबाट निरपेक्ष हुनै सक्दैनन् । समाजमा गरिने हरेक गतिविधिहरूमा राजनीतिक प्रभाव स्पष्ट देखिन्छ । राजनीतिले समाजलाई डोऱ्याउने हुनाले सामाजिक जीवनशैलीमा राजनीति सहजै जोडिएको हुन्छ भन्ने कुरा स्वतः प्रमाणित हुन्छ ।

❑❑❑

puspas.com.np

puspas.com.np

# THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.